मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
गौर, रौतहट

Email: info.akcrautahat@madhesh.gov.np
Website: akcrautahat.madhesh.gov.np
Phone: 055-520001, 9855040129
FB: facebook.com/akc.rautahat

सूचना नं.: १०।०८३।८४

## माटो स्वास्थ्य सुधार कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !!!

**प्रथम पटक प्रकाशन मिति २०८३।०७।१० गते**

यस कृषि ज्ञान केन्द्र, रौतहटको आ.व. २०८३।०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार माटो स्वास्थ्य सुधार कार्यक्रम संचालन गर्न माटो स्वास्थ्य सुधार कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८३ ले तोके बमोजिमका शर्तहरुको अधिनमा रही इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनीहरुले सूचना प्रकाशन भएको मितिले **३० (तीस) औं दिन भित्र (मिति २०८३/०८/०९ गते सम्म)** तोकिएको ढाँचामा आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका र म्याद नाधी प्राप्त हुन आएका आवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ। थप जानकारीको लागि कार्यालय समय भित्र ९८५५०४०१२९/०५५-५२०००१ मा सम्पर्क गरी वा कार्यालयको आधिकारिक वेबसाइट akcrautahat.madhesh.gov.np मा भिजिट गरि प्राप्त गर्न सकिनेछ। कार्यक्रमहरुको आवेदन/प्रस्ताव/स्वघोषणा फारामको नमूना ढाँचा वेबसाइटको डाउनलोड अप्सनमा राखिएको छ।

### आवश्यक कागजातहरु:

१. निर्धारित ढाँचामा पूर्ण रुपमा भरिएको प्रस्ताव फाराम।
२. आवेदकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि। (कृषक समूह/सहकारीको हकमा कार्यकारी समितिको पदाधिकारीहरुको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि)
३. आवेदक कृषक समूह/कृषि सहकारी/फर्म को हकमा संस्था दर्ता, नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्बरको प्रमाण पत्र, गत आ.व. को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी/अख्तियारी प्राप्त प्रतिनिधिको नागरिकता प्रमाण पत्रको र अख्तियारी पत्र।
४. कृषक समूह/कृषि सहकारी/फर्म को हकमा कार्यक्रम माँग गर्ने सम्बन्धि कार्यकारिणी समितिको निर्णयको प्रमाणित प्रतिलिपी।
५. कृषक/कृषक समूह/सहकारी/फर्महरुले माटो स्वास्थ्य सुधारको लागि माँग गरिने कृषि सामग्रीहरु (कृषि चुन र ढैंचा/मुँग) को लागि जग्गा धनी लालपुर्जा तथा लिजमा लिएको जग्गाको जग्गा धनी पूर्जा र कम्तीमा ५ वर्षको वडा कार्यालयबाट प्रमाणित करारनामा/मंजुरनामा पत्रको प्रतिलिपिहरु।
६. सम्बन्धित स्थानीय तहको कृषि विकास शाखा/वडा कार्यालयको सिफारिस पत्र।
७. माँग गरेको योजनाको लागत इस्टिमेट कार्ययोजना श्रोत सुनिश्चितता र आफ्नो लगानि अनुपातको प्रतिवद्धता पत्र।

### अनुदानका शर्तहरु:

१. कृषक/कृषक समुह/कृषि सहकारी/फर्महरुले देहाय बमोजिमका क्रियाकलाम संचालन गर्नको लागि आवेदन दिन सक्ने छ।
   क. माटो जाँच शिविर संचालन
   ख. कृषि चुनमा सहयोग
   ग. प्राङ्गारिक तथा गड्यौले मल उत्पादनमा सहयोग
   घ. हरियो मलको बिउ वितरण (ढैंचा, मुँग, सनई आदि)
२. कृषि चुनको लागि माटो जाँच प्रतिवेदन पेश गर्नुपर्नेछ वा माटो जाँच शिविर संचालन गर्न यस कार्यालय सँग समन्वय गर्न सक्नेछ।
३. यस कार्यक्रम अन्तर्गत स्वीकृत बजेट र कार्यक्रम संचालन कार्यविधि परिमार्जन/संशोधन भए अनुसार थप/घट हुनेछ।
४. अधिकतम अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संसोधन २०७७) मा व्यवस्था भए बमोजिम कायम हुनेछ।
५. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

अमर चन्द्र मण्डल
प्रमुख (नवौं तह)